# कैलाश राजपत्र

## कैलाश गाउँपालिकाद्वारा प्रकाशित

**खण्डः७) मकवानपुर, मंसिर ०४ गते, २०८२ साल (संख्याः५**

## भाग - २

स्थानीय सरकार

कालिकाटार, मकवानपुर, बागमती प्रदेश, नेपाल

**खानीजन्य पदार्थको उत्खनन्, निकासी तथा विक्री सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२**

**प्रस्तावनाः** खानीजन्य पदार्थ उत्खनन्, निकासी तथा वित्री सम्बन्धी कार्यविधि, २०८० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

खानीजन्य पदार्थ उत्खनन्, निकासी तथा वित्री सम्बन्धी कार्यविधि, २०८० ले दिएको अधिकार प्रयोग गरी कैलाश गाउँपालिकाले देहायका नियमहरू बनाएको छ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यस कार्यविधिको नाम " खानीजन्य पदार्थको उत्खनन्, निकासी तथा विक्री सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि कैलाश गाउँपालिकाको कार्यपालिका बैठकले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

२. **खानीजन्य पदार्थको उत्खनन, निकासी तथा बिक्री सम्बन्धी कार्यविधि, २०८० को दफा ४ को उपदफा (३) मा संशोधनः**

खानीजन्य पदार्थको उत्खनन, निकासी तथा बिक्री सम्बन्धी कार्यविधि, २०८० को दफा ४ को उपदफा (३) को सट्टा देहायको उपदफा ३ राखिएको छ ।

उपदफा (३) खानी तथा खानीजन्य उद्योग दर्ताको लागि सम्बन्धित निकायमा गरिने सिफारिस, गाउँपालिकामा संचालन, दर्ता तथा नविकरण धरौटी लगायतका राजस्व दस्तुर सम्बन्धी व्यवस्था अनुसुची -४ बमोजिम हुनेछ ।

३. **खानीजन्य पदार्थको उत्खनन, निकासी तथा बिक्री सम्बन्धी कार्यविधि, २०८० को अनुसूची ४ मा संशोधनः**

खानीजन्य पदार्थको उत्खनन, निकासी तथा बिक्री सम्बन्धी कार्यविधि, २०८० को अनुसूची ४ को सट्टा देहायको अनुसूची ४ राखिएको छ ।

## अनुसूची- ४

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

| सि.नं. | विवरण | खानीजन्य पदार्थ उद्योग |
|---|---|---|
| १ | अनुमति दर्ता दस्तुर | रु १,००,०००/- |
| २ | नविकरण दस्तुर | रु ५०,०००/- |
| ३ | प्रमाणपत्र प्रतिलिपि दस्तुर | रु.५,०००/- |
| ४ | वातावरण शुल्क | प्रति घन सि रु ८/- |

प्रमाणिकरण मितिः २०८२ मंसिर ०४

आज्ञाले

राम प्रसाद शर्मा

प्रमुख प्रशासकीय अधिकृत